# नेपाल नर्सिङ परिषद् नियमावली, २०६५

नेपाल सरकारबाट स्वीकृत मिति : २०६५।२।२९

नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल नर्सिङ परिषद्ले बनाएका देहायका नियमहरु नेपाल सरकारले स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम " नेपाल नर्सिङ परिषद् नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

१.२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल नर्सिङ परिषद् ऐन, २०५२ सम्झनु पर्छ ।
(ख) "नाम दर्ता" भन्नाले दर्ता किताबमा नर्सिङ व्यवसायीको रुपमा गरिने नाम दर्ता सम्झनु पर्छ ।
(ग) "संस्था" भन्नाले शिक्षण संस्था वा अस्पताल वा नर्सिङ होम सम्झनु पर्छ र सो शब्दले नर्सिङ व्यवसायीको सेवा उपलब्ध गराउने जुनसुकै प्रकारको संस्था समेतलाई जनाउँछ ।
(घ) "निर्वाचन" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यहरुका लागि हुने निर्वाचन सम्झनु पर्छ ।
(ङ) "मतदाता" भन्नाले निर्वाचनमा मतदान गर्ने नियम ११.२ बमोजिमको मतदाता सम्झनु पर्छ ।
(च) "उम्मेदवार" भन्नाले नियम ११.३ बमोजिमको योग्यता पुगी निर्वाचनमा उम्मेदवार भएको व्यक्ति सम्झनु पर्छ ।
(छ) "निर्वाचन समिति" भन्नाले नियम ११.५ बमोजिम गठन भएको निर्वाचन समिति सम्झनु पर्छ ।

१.३ <u>नेपाल सरकारबाट प्राप्त रकमको प्रयोग नहुने</u> : नेपाल सरकारबाट परिषद्लाई प्राप्त हुन आएको रकम परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयन तथा परिषद्को भौतिक संरचनाको निर्माण, विकास, विस्तार र मर्मत जस्ता विषयमा बाहेक परिषद् वा विषय समितिको बैठक भत्ता तथा कुनै किसिमको सुविधा वा पारिश्रमिक प्रदान गर्ने कार्यमा खर्च गर्न पाइने छैन ।

१.४ <u>नियमावलीको जानकारी प्राप्त गर्नुपर्ने</u> : यस नियमावलीमा व्यवस्थित प्रावधानको बारेमा जानकारी प्राप्त गर्नु परिषद्को सदस्य, रजिष्ट्रार, कर्मचारी तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ र यसको अज्ञानता क्षम्य हुने छैन ।

## परिच्छेद-२
## नाम दर्ताको दरखास्त र दरखास्त उपर जाँचबुझ तथा छानबिन सम्बन्धी व्यवस्था

२.१ <u>नाम दर्ताको लागि दरखास्त दिने</u> : (१) परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहने नर्सिङ व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा नेपाली, अंग्रेजी वा दुवै भाषामा परिषद्मा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा देहायमा लेखिएमध्ये कुन किसिमको नाम दर्ता गराउन चाहेको हो सो समेत खुलाउनु पर्नेछ :-

(क) स्थायी नाम दर्ता,
(ख) विशेषज्ञ नाम दर्ता,
(ग) सीमित नाम दर्ता ।

(३) उपनियम (२) बमोजिम नाम दर्ताको लागि निवेदन दिंदा देहायका विवरण समावेश गरेको हुनुपर्नेछः-

(क) मान्यता प्राप्त संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र,

(ख) नियम ३.२ को उपनियम (२) बमोजिमको दर्ता दस्तूर,

(ग) अनुसूची -२ बमोजिमको प्रतिज्ञापत्र,

(घ) नेपाली भए नेपाली नागरिकताको प्रमाणपत्र,

(ङ) गैर नेपाली नागरिकको हकमा राहदानी वा प्रवेशाज्ञा,

(च) राहदानी वा प्रवेशज्ञा नचाहिने गैर नेपाली नागरिकको हकमा सम्बन्धित मुलुकबाट निजको परिचय खुल्ने परिचयपत्र,

(छ) निज कार्यरत रहेको मुलुकको सम्बन्धित परिषद वा सो सरहको कुनै निकायबाट जारी गरेको आचरणको प्रमाणपत्र,

(ज) निजले काम गर्न चाहेको संस्थाको प्रमुखले निजले सो संस्थामा काम गर्नुपर्ने कारण सहितको अवधि खुलेको सिफारिशपत्र र

(झ) परिषद्ले समय समयमा तोकिदिएका अन्य विवरण ।

२.२ <u>दरखास्त उपर जाँचबुझ</u> : नियम २.१ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा दरखास्त रीतपूर्वकको भएको देखिएमा सम्बन्धित विषय समितिमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

२.३ <u>दरखास्त उपर छानबिन तथा सिफारिस</u> : (१) नियम २.२ बमोजिम रजिष्ट्रारले पेश गरेको दरखास्त उपर सम्बन्धित विषय समितिले आवश्यक छानबिन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा तत्सम्बन्धी कुराहरु स्पष्ट पार्नको लागि सम्बन्धित दरखास्तवालासँग उक्त समितिले आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम माग भएका प्रमाण तथा कागजात उक्त समिति समक्ष पेश गर्नु सम्बन्धित दरखास्तवालाको कर्तव्य हुनेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम छानबिन गर्दा दरखास्तवालाको नाम दर्ता गर्न मनासिव देखिएमा उक्त समितिले परिषद् समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद-३
## नाम दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था

३.१ <u>नाम दर्ताको लागि आवश्यक न्यूनतम योग्यता</u> : परिषद्मा नाम दर्ता गर्नको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :–

(क) अ.न.मी.को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अठार महिनाको अ.न.मी. तालिम प्राप्त गरेको,

(ख) नर्सको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा तीन वर्षको विषारद नर्स वा डिप्लोमा नर्सिङ वा आर. एन. आर. एम. को उपाधि प्राप्त गरेको,

(ग) मिडवाइफको लागि परिषद्ले तोके बमोजिमको मिडवाईफरी कोर्ष उत्तिर्ण गरेको ।

३.२ <u>स्थायी नाम दर्ता</u> : (१) नेपाल राज्यभित्र स्थायी रुपले नर्सिङ व्यवसाय गर्न चाहने नेपाली नर्सिङ व्यवसायीले स्थायी नाम दर्ता गराउन दरखास्त दिनु पर्नेछ ।

(२) स्थायी नाम दर्ता दस्तूर, नवीकरण दस्तूर तथा विलम्ब दस्तूर अनुसूची-३ मा तोकिएबमोजिम हुनेछ ।

(३) स्थायी नाम दर्ता सम्बन्धी अन्य व्यवस्था परिषद्ले तोकेबमोजिम हुनेछ ।

३.३ विशेषज्ञ नर्सिङ्गको नाम दर्ता : (१) यस नियमावलीबमोजिम परिषद्मा स्थायी नाम दर्ता भएको नर्सिङ व्यवसायीले नर्सिङ सम्बन्धी मान्यता प्राप्त शिक्षण संस्थबाट विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेमा त्यस्तो व्यक्तिको नाम परिषद्मा सम्बन्धित विषयको विशेषज्ञको रुपमा दर्ता गरिनेछ ।

(२) विशेषज्ञ नर्सिङको नाम दर्ता दस्तूर, वार्षिक शुल्क, नवीकरण दस्तूर र विलम्ब दस्तूर अनुसूची-३ मा तोकिएबमोजिम हुनेछ ।

३.४ सीमित नाम दर्ता : (१) कुनै गैरनेपाली नर्सिङ व्यवसायीले निश्चित अवधिको लागि नेपाल राज्यभित्रको कुनै संस्थामा नर्सिङ व्यवसाय गर्नको लागि दर्ता किताबमा सीमित नाम दर्ता गराउनु पर्नेछ ।

(२) गैरनेपाली नर्सिङ व्यवसायीले परिषद्ले तोकेको अवधिभर परिषद्ले तोकेको हदसम्मको मात्र नर्सिङ व्यवसाय गर्न पाउनेछ ।

(३) गैर नेपाली नर्सिङ व्यवसायीको हकमा नेपाल राज्यमा बढीमा दुई वर्षको लागि नर्सिङ व्यवसाय गर्न पाउने गरी परिषद्मा अवधि तोकी नाम दर्ता गर्न सकिनेछ ।

(४) सिमीत नाम दर्ता दस्तूर अनुसूची–३ मा तोकिएबमोजिम हुनेछ ।

३.५ नाम दर्ताको निर्णय : नियम २.३ बमोजिम पेश हुन आएको नाम दर्ता समितिको सिफारिस प्रतिवेदन उपयुक्त देखिएमा परिषद्ले नाम दर्ता समितिले सिफारिस गरेको दरखास्तवालाको नाम परिषद्को दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्नेछ ।

३.६ नाम दर्ता किताब : (१) यस नियमावली बमोजिम नर्सिङ व्यवसायीको परिषद्मा नर्स, अ.न.मी. तथा मिडवाइफको स्थायी, विशेषज्ञ नाम दर्ता गर्ने प्रयोजनको लागि अनुसूची-४ बमोजिमको ढाँचामा छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको नाम दर्ता किताब नेपाली वा अंग्रेजी वा दुवै भाषामा राख्न सकिनेछ ।

३.७ नाम दर्ता प्रमाण-पत्र : (१) नियम ३.५ बमोजिम परिषद्ले नाम दर्ता गर्ने निर्णय गरेको दरखास्तवालाको नाम रजिष्ट्रारले दर्ता किताबमा दर्ता गरी नेपाली नर्सिङ व्यवसायीको स्थायी नाम दर्ताको हकमा अनुसूची–५, विशेषज्ञ नाम दर्ताको हकमा अनुसूची–६, र गैरनेपाली नर्सिङ व्यवसायीको सीमित नाम दर्ताको हकमा अनुसूची–७ बमोजिमको ढाँचामा नेपाली वा अंग्रेजी वा दुवै भाषामा दरखास्तवालालाई नाम दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको दर्ताप्रमाणपत्रको मान्य अवधि तीन वर्षको हुनेछ ।

३.८ जानकारी दिने : दर्ता किताबमा नाम दर्ताको लागि दिएको दरखास्त उपर कारवाही हुँदा परिषद्ले कुनै कारणवस त्यस्तो दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रारले अनुसूची–८ बमोजिमको ढाँचामा सम्बन्धित दरखास्तवालालाई सोको जानकारी दिनु पर्नेछ ।

३.९ नवीकरण सम्बन्धी व्यवस्था : (१) नाम दर्ता नवीकरण गर्न चाहने दर्तावाला नेपाली नागरिक नर्सिङ व्यवसायीले दर्ता नवीकरणका लागि दर्ता प्रमाणपत्रको समयावधि समाप्त हुनु अगावै परिषद्ले तोकेबमोजिमका कागजातसाथ अनुसूची–९ बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नविकरणको लागि दरखास्त परेमा आवश्यक जाँचबुझ गरी परिषद्ले नविकरण गरिदिनेछ ।

(३) नियम ३.७ को उपनियत (२) बमोजिमको समयावधि समाप्त भएमा वा उपनियम (१) बमोजिम नविकरण नागरिएमा त्यस्तो दर्ता प्रमाण स्वतः रद्द भएको मानिनेछ ।

(४) नाम दर्ता नवीकरण गर्न चाहने दर्तावाला गैरनेपाली नर्सिङ व्यवसायीले दर्ता नवीकरणका लागि निजको नाम दर्ताको मान्यता अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै परिषद्‌ले तोकेबमोजिमको कागजातसाथ अनुसूची–१० बमोजिमको ढाँचामा परिषद्‌मा दरखास्त दिनु पर्छ ।

(५) दर्तावाला गैरनेपाली नर्सिङ व्यवसायीको नाम दर्ताको म्याद समाप्त हुनुभन्दा पैंतीस दिन अगावै निजले दर्ता नवीकरणको लागि दरखास्त नदिएमा वा नाम दर्ता वा दर्ता नवीकरणको म्याद समाप्त नभएकै अवस्थामा पनि निज कार्यरत संस्थामा निजको सेवा अवधि समाप्त भएमा वा निजले त्यस्तो संस्थामा काम गर्न छाडेमा निजको नाम दर्ता स्वतः खारेज भएको मानिनेछ ।

(६) नर्सिङ व्यवसायीको नाम दर्ता र दर्ता नवीकरण सम्बन्धी अन्य व्यवस्था परिषद्‌ले तोकेबमोजिम हुनेछ ।

३.१० दस्तूर फिर्ता नहुनेः नियम ३.८ बमोजिम परिषद्‌ले दर्ता किताबमा दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेमा वा नियम ३.९ बमोजिम रजिष्ट्रार वा परिषद्‌ले दर्ता नवीकरण नगर्ने निर्णय गरेमा नाम दर्ता वा नवीकरणको लागि तिरिसकेको दस्तूर फिर्ता हुने छैन ।

## परिच्छेद-४
## व्यावसायिक आचार संहिता सम्बन्धी व्यवस्था

४.१ व्यावसायिक आचार संहिता : (१) ऐन तथा नियमावली बमोजिम दर्ता भएका दर्तावाला नर्सिङ व्यवसायीले नर्सिङ व्यवसाय गर्दा देहायबमोजिमको आचार संहिताको पालना गर्नु पर्नेछ :-

(क) समय पालन र नियमितता : दर्तावाला नर्सिङ व्यवसायीले आफू कार्यरत स्वास्थ्य संस्थाबाट निर्धारित समयमा नियमित रुपले पूरा समय बिरामीको स्वास्थ्य उपचारको काममा संलग्न रहनु पर्नेछ ।

(ख) अनुशासन : दर्तावाला नर्सिङ व्यवसायीले आफू कार्यरत स्वास्थ्य संस्थामा आफूभन्दा माथिका व्यवस्थापक र स्वास्थ्यकर्मीहरुप्रति उचित आदर देखाउनुको साथै आफूभन्दा मुनिका सबै स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुप्रति उचित व्यवहार गर्नु पर्नेछ ।

(ग) आदेश तथा निर्देशनको पालना : बिरामीको स्वास्थ्य उपचार सम्बन्धी विषयमा चिकित्सकले दिएको निर्देशनलाई दर्तावाला नर्सिङ व्यवसायीले ईमान्दारी र उच्च प्राथमिकताकासाथ कार्यान्वयन गर्नु पर्नेछ ।

(घ) शीष्ट व्यवहार : प्रत्येक दर्तावाला नर्सिङ व्यवसायीले बिरामी तथा निजको परिवारको मानसिकतामा सकारात्मक प्रभाव पर्ने गरी शीष्ट तथा सभ्य व्यवहार गर्नु पर्नेछ ।

(ङ) बिरामीको जीवन रक्षा गर्न उच्च विवेक प्रयोग गर्नुपर्ने : बिरामीको जीवन रक्षा हुने, बिरामीको पीडा निवारण हुने, र बिरामीको स्वास्थ्यमा सुधार ल्याउने कार्यमा प्रत्येक दर्तावाला नर्सिङ व्यवसायीले उच्च विवेकको प्रयोग गर्नु पर्नेछ ।

(च) भेदभाव गर्न नहुने : कुनै पनि दर्तावाला नर्सिङ व्यवसायीले कुनै पनि बिरामी उपर धर्म, वर्ण, लिङ्ग र वैचारिक आस्था वा अन्य कुनै किसिमको आधारमा भेदभाव गर्न हुँदैन ।

(छ) जानकारी व्यक्त गर्न नहुने : बिरामीको नितान्त व्यक्तिगत जीवनको विषयमा आफूलाई थाहा भएको कुनै पनि कुरा दर्तावाला नर्सिङ व्यवसायीले कानूनबमोजिम कसैलाई बताउनु पर्ने अवस्थामा बाहेक कतै व्यक्त गर्न हुँदैन ।

(ज) आपत्कालिन अवस्थामा व्यावसायिक विवेक प्रयोग गर्नुपर्ने : दर्तावाला नर्सिङ व्यवसायीको जिम्मेवारीभित्र नपर्ने तर व्यावसायिक रुपले कार्यक्षेत्रभित्र पर्ने कुराहरु आपत्कालिन अवस्थामा वा तत्काल बिरामीको जीवन रक्षाको लागि केही गर्न आवश्यक परेको अवस्थामा सम्भव भएसम्म चिकित्सकलाई छिटो जानकारी दिएर तत्सम्बन्धी उपायहरुको अवलम्बन गर्नु पर्नेछ ।

(झ) गोप्यता कायम राख्नु पर्ने : बिरामीको स्वास्थ्य स्थितिको बारेमा आफूलाई प्राप्त जानकारी दर्तावाला नर्सिङ व्यवसायीले आधिकारीक व्यक्ति बाहेक अरु कसैलाई व्यक्त गर्न हुँदैन ।

(ञ) आर्थिक लाभ प्राप्त गर्न नहुने : दर्तावाला नर्सिङ व्यवसायीले कानून बमोजिम आफूलाई ठेकिएको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बाहेक नर्सिङ व्यवसायको प्रचार-प्रसार गरी आर्थिक लाभ प्राप्त गर्न हुँदैन ।

(ट) नर्सिङ सेवामा आँच आउने कार्य गर्न नहुने : दर्तावाला नर्सिङ व्यवसायीले आफ्नो व्यक्तिगत जीवनमा नर्सिङ सेवाप्रति आँच फैलने किसिमले कुनै कृयाकलाप गर्न हुँदैन ।

(ठ) व्यवसायप्रति सकृय रहनु पर्ने : प्रत्येक दर्तावाला नर्सिङ व्यवसायीले नर्सिङ व्यवसायको उन्नति, विकास तथा यस सेवाप्रति स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सकारात्मक भावना जाग्रित गराई मानव जातिको स्वास्थ्यको उन्नति तथा प्रगतिको कार्यमा सदैव सकृय रहनु पर्नेछ ।

(ड) व्यक्तिगत रुपमा उत्तरदायी र जिम्मेवार हुनुपर्ने : प्रत्येक दर्तावाला नर्सिङ व्यवसायी आफ्नो कामको समयमा बिरामीको स्याहार सम्भार, रेखदेख र उपचारको कार्यमा व्यक्तिगत रुपमा जिम्मेवार रहनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका आचार संहिताको पालना गर्नु, गराउनु सम्बन्धित सबैको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

५.२ व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको मानिने : दर्तावाला नर्सिङ व्यवसायीले नियम ५.१ बमोजिम निर्धारित व्यावसायिक आचार संहिताको पालना नगरेमा व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको मानिनेछ ।

## परिच्छेद -५
## दर्ता किताबबाट नाम हटाउने तथा प्रमाणपत्र रद्द गर्ने सम्बन्धी कार्यविधि

५.१ कार्यविधि पूरा गर्नुपर्ने : दर्तावाला नर्सिङ व्यवसायीको नाम ऐनको दफा १८ बमोजिम परिषद्को दर्ता किताबबाट हटाउँदा वा ऐनको दफा १९ बमोजिम नाम दर्ता प्रमाणपत्र रद्द गर्दा यस नियमावलीमा उल्लिखित कार्यविधि पूरा गर्नु पर्नेछ ।

५.२ जाँचबुझ समिति : कुनै दर्तावाला नर्सिङ व्यवसायीले नियम ५.१ बमोजिम व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको वा ऐनको दफा १९ बमोजिम दर्तावाला नर्सिङ व्यवसायीको रुपमा नाम दर्ता गराएको भन्ने कुरा कुनै माध्यमबाट परिषद्लाई जानकारी हुन आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्को कुनै एक सदस्यको संयोजकत्वमा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ ।

५.३ <u>बयान गराउने तथा सबूत प्रमाण पेश गर्न लगाउने</u> : व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले बयान गराउन र निज उपर लागेको आरोपको विरुद्ध सबूत प्रमाणहरु पेश गर्न लगाउन सक्नेछ ।

५.४ <u>नाम दर्ताको प्रमाणपत्र खिच्न सक्ने</u> : जाँचबुझ समितिले जाँचबुझको क्रममा व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको वा ऐनको दफा १९ बमोजिम कुनै व्यक्तिले धोखा वा गल्तीले नाम दर्ता गराएको आरोप लागको व्यक्तिको नाम दर्ताको प्रमाणपत्र खिच्न सक्नेछ । यसरी प्रमाणपत्र खिचेकोमा सोको भर्पाई आरोपित व्यक्तिलाई दिनु पर्नेछ ।

५.५ <u>सफाइ पेश गर्ने मौका दिनुपर्ने</u> : (१) व्यावसायिक आचार संहिता पालना नगरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्ति उपर छानबिनको क्रममा जाँचबुझ समितिले त्यस्तो व्यक्तिलाई कारबाही गर्न लागेको कारण उल्लेख गरी सो सम्बन्धमा आफ्नो सफाइ पेश गर्ने कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सफाइ पेश गर्ने मौका दिँदा निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटी प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सफाइ पेश गर्ने मौका दिइएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै आफ्नो सफाइ पेश गर्नु पर्नेछ ।

५.६ <u>निलम्बन गर्न सक्ने</u> : (१) व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले जाँचबुझ प्रारम्भ भएको मितिदेखि दर्तावाला नर्सिङ व्यवसायीबाट निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई सामान्यतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी नर्सिङ व्यवसाय गर्न दिँदा झुटो सबूत प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी नर्सिङ व्यवसाय गर्न दिँदा सो व्यवसाय वा उपभोक्तालाई हानिनोक्सानी पुऱ्याउने सम्भावना देखिएमा ।

(२) उपनियम (१) बमोजिम कुनै दर्तावाला नर्सिङ व्यवसायीलाई निलम्बन गर्दा सामान्यतया तीन महिनाभन्दा बढी अवधिको लागि निलम्बन गर्न हुँदैन । सो अवधिभित्रै निज उपर लगाइएको आरोपको सम्बन्धमा कारबाही किनारा लगाई सक्नु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषद्को पूर्व स्वीकृति लिई बढीमा एक महिनासम्मको लागि निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरिएकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाइएकोमा सो कुराको जानकारी सम्बन्धित दर्तावाला नर्सिङ व्यवसायी र निज कुनै संस्थामा कार्यरत भए त्यस्तो संस्थालाई पनि दिनु पर्नेछ । त्यसरी कुनै दर्तावाला नर्सिङ व्यवसायीलाई निलम्बनमा राख्ने जानकारी प्राप्त भएपछि त्यस्तो संस्थाले पनि सम्बन्धित दर्तावाला नर्सिङ व्यवसायीलाई आफ्नो संस्थाको सेवाबाट निलम्बन गर्नुपर्नेछ ।

५.७ <u>स्पष्टीकरण पेश गर्ने मौका दिनुपर्ने</u> : (१) नियम ५.५ बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको आरोप लागेको व्यक्तिको हकमा निजको नाम दर्ता किताबबाट किन नहटाउने र ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिको हकमा निजको नाम दर्ताको प्रमाणपत्रको दर्ता किन रद्द किन नगर्ने भनी

निजलाई त्यस सम्बन्धमा स्पष्टीकरण पेश गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिँदा नियम ५.५ को उपनियम (३) बमोजिम पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्को कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

५.८ जाँचबुझ समितिको प्रतिवेदन : (१) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त गरेपछि परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा व्यावसायिक आचार संहिता उल्लंघन गरेको आरोप लागेको व्यक्तिको हकमा नाम दर्ता किताबबाट निजको नाम हटाउनु पर्ने वा नपर्ने र ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिको हकमा निजको नाम दर्ता प्रमाणपत्र रद्द गर्नु पर्ने वा नपर्ने सम्बन्धमा कारण सहितको आफ्नो राय ठहरको साथै प्राप्त सबै सबूत प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

५.९ परिषद्ले निर्णय गर्ने : नियम ६.८ बमोजिम जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन परिषद्ले अध्ययन गर्दा मूलतः आरोप लागेको व्यक्तिलाई नियम ५.५ र ५.७ बमोजिम क्रमशः सफाइ र स्पष्टीकरण पेश गर्न पर्याप्त मौका दिए नदिएको तथा निजले पेश गरेका सफाइ, स्पष्टीकरण तथा सोसाथ संलग्न सबूत, प्रमाण र जाँचबुझ समितिले सङ्कलन गरेको प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कन तथा विश्लेषण गरे वा नगरेको कुरा समेतलाई विचार गरी आरोप लागेको व्यक्तिले आरोपित कसूर गरे वा नगरेको सम्बन्धमा उचित मूल्याङ्कन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

५.१० निर्णयको जानकारी : व्यावसायिक आचार संहिता उल्लङ्घन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोपमा कुनै व्यक्तिको नाम क्रमशः परिषद्को दर्ता किताबबाट हटाउने वा नाम दर्ताको प्रमाणपत्रको दर्ता रद्द गर्नेगरी नियम ५.९ बमोजिम परिषद्ले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी सामान्यतः अनुसूची–१२ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति र निज कार्यरत संस्थालाई दिई सो सम्बन्धी सार्वजनिक सूचना समेत प्रकाशित गर्नुपर्नेछ ।

५.११ निलम्बनको समाप्ति : व्यावसायिक आचार संहिता पालना नगरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको भनी कुनै व्यक्ति उपर लागेको आरोप नियम ५.८ बमोजिम परिषद्बाट प्रमाणित भए वा नभएको अवस्थामा त्यस्तो व्यक्तिलाई नियम ५.५ बमोजिम निलम्बन गरेको भए त्यस्तो निलम्बन स्वतः समाप्त भएको मानिनेछ ।

५.१२ सफाइ र स्पष्टीकरणको मौका दिनु नपर्ने : नियम ५.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १८ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित अवस्थामा नर्सिङ व्यवसायीको नाम दर्ता किताबबाट हटाउनु पर्दा नियम ५.५ र ५.७ बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन ।

५.१३ कैफियत जनाउनु पर्ने : दर्ता किताबबाट नाम हटाइएको व्यक्तिको नाम दर्ताको प्रमाणपत्र परिषद्ले फिर्ता लिई कैफियत जनाई अद्यावधिक रुपमा सोको अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-६
## पुनः नाम दर्ता सम्बन्धी कार्यविधि

६.१. पुनः नाम दर्ता : (१) ऐनको दफा १९ को उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिम दर्ता किताबबाट नाम हटाइएको व्यक्तिले मनासिब माफिकको कारण देखाई पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय भएमा रजिष्ट्रारले परिच्छेद-२ र ३ मा उल्लिखित कार्यविधि अपनाई दरखास्तवालाको नाम दर्ता किताबमा पुनः दर्ता गरी नाम दर्ताको प्रमाणपत्र दिनेछ ।

(३) उपनियम (२) बमोजिम पुनः नाम दर्ता गर्नको लागि शुरु नाम दर्ता सरहको दर्ता दस्तूर लाग्नेछ ।

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउने निर्णय गरेको मितिले सामान्यतः एक वर्ष पूरा नभई सोही व्यक्तिको नाम पुनः दर्ता गरिने छैन ।

## परिच्छेद-७
## शिक्षण संस्थाको मान्यता सम्बन्धी व्यवस्था

७.१ शिक्षण संस्थालाई परिषद्ले मान्यता दिने आधार : (१) ऐनको दफा ९ को उपदफा (१) को खण्ड (ख) तथा दफा २१ को प्रयोजनार्थ शिक्षण संस्थाको मान्यताको लागि त्यस्तो शिक्षण संस्थाले देहाय बमोजिमको न्यूनतम मापदण्ड तथा पूर्वाधार पूरा गरेको हुनुपर्नेछ :-

(क) गैरसरकारी वा निजीक्षेत्रबाट सञ्चालन गरिने शिक्षण संस्था भए प्रचलित कानून बमोजिम दर्ता र स्थापना भएको,

(ख) शिक्षण संस्था र प्रशिक्षण अस्पताल एकै स्थानमा वा एक अर्कालाई पायक पर्ने स्थानमा स्थापना भएको,

(ग) विश्वविद्यालय वा प्रचलित कानूनबमोजिम सम्बन्धनका लागि मान्यता प्राप्त संस्थाबाट सम्बन्धन प्राप्त गरेको,

(घ) परिषद्ले तोकेबमोजिमको पूर्वाधार पूरा गरेको ।

७.२ निरीक्षण : (१) परिषद्ले शिक्षण संस्थाको पूर्वाधार विकास, गुणस्तरीय नर्सिङ शिक्षाको अनुगमन र मूल्याङ्कन लागि निरीक्षण टोली गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निरीक्षण टोलीमा परिषद्ले तोकेबमोजिमको संख्यामा निरीक्षकहरु रहनेछन् ।

(३) निरीक्षण टोलीलाई सहयोग गर्नु र टोलीले माग गरेको सम्पूर्ण विवरण उपलब्ध गराउनु सम्बन्धित शिक्षण संस्थाको दायित्व हुनेछ ।

(४) निरीक्षण टोलीले सम्बन्धित शिक्षण संस्था निरीक्षण गरेको पन्ध्र दिनभित्र परिषद्ले तोकेबमोजिको ढाँचामा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(५) ऐनको दफा २३ बमोजिम परीक्षा निरीक्षणको लागि वार्षिक परीक्षाको मिति तोकिनासाथ परिषद्लाई सम्बन्धित शिक्षण संस्थाले लिखित सूचना पठाउनु पर्नेछ ।

(६) उपनियम (१) तथा (५) बमोजिमको निरीक्षणको लागि सम्बन्धित शिक्षण संस्थाले परिषद्लाई बुझाउनु पर्ने दस्तूर परिषद्ले तोकेबमोजिम हुनेछ ।

(७) उपनियम (१) तथा (५) बमोजिम निरीक्षण टोलीको सदस्य वा निरीक्षकले पाउने पारिश्रमिक परिषद्ले तोकेबमोजिम हुनेछ ।

७.३ कोर्ष सञ्चालन र मान्यता (१) नियम ७.२ को उपनियम (४) बमोजिम निरीक्षण टोलीले पेश गरेको

निरीक्षण प्रतिवेदनको आधारमा सम्बन्धित शिक्षण संस्थाले भर्ना लिन सक्ने अधिकतम विद्यार्थी संख्या समेत निर्धारण गरी एक शैक्षिक वर्षको अवधिको लागि परिषद्ले परीक्षण मान्यता प्रदान गर्न सक्नेछ ।

(२) परीक्षण मान्यता प्राप्त शिक्षण संस्थाले प्रत्येक वर्ष विद्यार्थी भर्ना लिनु पूर्व परिषद्द्वारा त्यस्तो शिक्षण संस्थाको निरीक्षण गराई परीक्षण मान्यता र विद्यार्थी भर्ना संख्या नवीकरण गर्नु पर्नेछ ।

(३) परीक्षण मान्यता प्राप्त गरी प्रथम समूहका विद्यार्थी उत्पादन गरी सकेका सम्बन्धित शिक्षण संस्थालाई परिषद्ले कुनै खास अवधिको लागि पूर्ण मान्यता प्रदान गर्न सक्नेछ ।

(४) नियम ७.२ को उपनियम (४) बमोजिम निरीक्षण टोलीले परिषद् समक्ष पेश गरेको निरीक्षण प्रतिवेदन र सो प्रतिवेदनको आधारमा परिषद्ले गरेको निर्णयहरु परिषद्ले आवधिक रुपमा सम्बन्धित शिक्षण संस्था र त्यस्तो शिक्षण संस्थाले सम्बन्धन प्राप्त गरेको विश्वविद्यालय वा प्रचलित कानूनबमोजिम मान्यता प्राप्त संस्था र अन्य सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) परीक्षण मान्यता र पूर्ण मान्यताको दस्तूर परिषद्ले तोकेबमोजिम हुनेछ ।

(६) कोर्ष सञ्चालन र शिक्षण संस्थाको मान्यता सम्बन्धी अन्य व्यवस्था परिषद्ले तोकेबमोजिम हुनेछ ।

७.४ <u>शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेजीको सिफारिस प्रतिवेदन</u> :(१) शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेजीको लागि ऐनको दफा २४ बमोजिमको प्रतिवेदन पेश गर्नु पूर्व परिषद्ले उचित म्याद दिई त्यस्तो शिक्षण संस्था सञ्चालन गर्न प्राप्त गरेको स्वीकृति खारेजीको लागि किन सिफारिस गर्नु नपर्ने हो भन्ने बेहोराको स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्ले माग गरेबमोजिम स्पष्टीकरण पेश हुन नआएमा वा पेश भएको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा परिषद्ले त्यस्तो शिक्षण संस्था सञ्चालनको स्वीकृति खारेजीको लागि ऐनको दफा २४ बमोजिमको प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद-८
## दर्ता प्रमाणपत्र परीक्षा

८.१ <u>दर्ता प्रमाणपत्र परीक्षा</u> : (१) ऐनको दफा २४क. को प्रयोजनको लागि परिषद्ले देहायको अवस्थामा दर्ता प्रमाणपत्र परीक्षा लिन सक्नेछ :-

(क) स्थायी नाम दर्ता गर्नुपूर्व,
(ख) सीमित नाम दर्ता गर्नु पूर्व ।

(२) उपनियम (१) बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा देहायको कुनै एक वा एकभन्दा बढी तरिकाबाट सञ्चालन गर्न सकिनेछ :–

(क) लिखित परीक्षा,
(ख) प्रयोगात्मक परीक्षा, र
(ग) अन्तर्वार्ता ।

(३) दर्ता प्रमाणपत्र परीक्षा सम्बन्धी अन्य व्यवस्था परिषद्ले तोकेबमोजिम हुनेछ ।

परिच्छेद-९

## अध्यक्ष, सदस्य तथा रजिष्ट्रार सम्बन्धी व्यवस्था

९.१ अध्यक्षको काम, कर्तव्य तथा अधिकार : ऐनको दफा १२क. मा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को प्रमुखको हैसियतले गर्नु गराउनुपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्ने गराउने काम, कर्तव्य र अधिकार अध्यक्षको हुनेछ ।

९.२ रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : ऐन र यस नियमावलीमा लेखिएको अन्य काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
(ख) परिषद्को कोषको रेखदेख र नियन्त्रण गर्ने तथा सम्पत्तिको सुप्रबन्ध र स्याहार सम्भारको व्यवस्था गर्ने वा गराउने,
(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने,
(घ) परिषद्को वार्षिक आय-व्यय तथा पूरक आय व्ययको विवरण तयार गर्ने,
(ङ) परिषद्बाट स्वीकृत बजेटको अधीनमा रही परिषद्को योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,
(च) परिषद्को आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने व्यवस्था गर्ने,
(छ) परिषद् र नर्सिङ व्यवसायीहरु बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,
(ज) परिषद्को प्रशासकीय प्रमुखको हैसियतमा रही आवश्यक सबै कामकारवाही गर्ने,
(झ) परिषद्ले निर्देशन दिएबमोजिमका अन्य कार्यहरु गर्ने वा गराउने ।

९.३ बैठक भत्ता, अध्यक्षको सुविधा र रजिष्ट्रारको पारिश्रमिक तथा सुविधा : परिषद्को बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता, अध्यक्षको सुविधा तथा रजिष्ट्रारले पाउने पारिश्रमिक तथा सुविधा अनुसूची–११ मा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१०
## निर्वाचन सम्बन्धी व्यवस्था

१०.१. निर्वाचन : ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिम परिषद्मा रहने सदस्यको निर्वाचन सामान्य बहुमतको आधारमा हुनेछ ।

१०.२. मतदाता : (१) निर्वाचन समिति गठन हुनुभन्दा अघि ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिम नेपाल नर्सिङ संघको साधारण सदस्यता प्राप्त गरेका र सो संघको विधानअनुसार साधारण सदस्यता नवीकरण गरिसकेका दर्तावाला नर्सिङ व्यवसायीहरुले परिषद्को सदस्यको लागि हुने निर्वाचनमा मतदाताको रुपमा भाग लिन सक्नेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैरनेपाली नागरिकले परिषद्को निर्वाचनमा मतदान गर्न पाउने छैनन् ।

१०.३ उम्मेदवारको योग्यता : निर्वाचनको लागि उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नर्सिङ विषयमा कम्तीमा तीन वर्षको विषारद नर्स वा डिप्लोमा नर्सिङ वा आर. एन. आर. एम. को उपाधि प्राप्त गरेको वा मिडवाइफरी विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त गरेको,
(ख) नर्सिङ व्यवसायमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,
(ग) नेपाल नर्सिङ संघको साधारण सदस्यता प्राप्त गरेको,
(घ) दर्तावाला नर्सिङ व्यवसायी,
(ङ) नेपाली नागरिक ।

१०.४ निर्वाचित भएको मानिने : (१) एक पदको लागि निर्वाचन भएको अवस्थामा निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

(२) एकभन्दा बढी संख्याको पदमा निर्वाचन भएको अवस्थामा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु क्रमशः निर्वाचित भएको मानिनेछन् ।

(३) निर्वाचन गर्नुपर्ने पद संख्या बराबर वा सोभन्दा कम संख्यामा निर्वाचनको लागि उम्मेदवार खडा भएमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको मानिनेछ ।

(४) कुनै उम्मेदवारहरुले प्राप्त गरेको सदर मत बराबर भएमा निर्वाचन अधिकृतले बराबर मत प्राप्त गर्ने उम्मेदवार बीच गोला हाली निर्णय गर्नु पर्नेछ । त्यसरी गोलाद्वारा छानिएको उम्मेदवारले एकमत बढी प्राप्त गरेको मानिनेछ ।

१०.५ निर्वाचन समिति : (१) परिषद्ले एकजना प्रमुख निर्वाचन अधिकृतको अध्यक्षतामा अन्य दुई जना निर्वाचन अधिकृत भएको तीन सदस्यीय निर्वाचन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निर्वाचन समिति निर्वाचनको परिणाम प्रकाशन भएपछि स्वतः विघटन हुनेछ ।

(३) यस नियमावलीबमोजिम निर्वाचन सम्पन्न गर्दा लाग्ने सम्पूर्ण खर्च परिषद्बाट बेहोरिनेछ ।

१०.६ निर्वाचन समितिको काम, कर्तव्य र अधिकार : (१) निर्वाचनको लागि मतदाता नामावली प्रकाशन गर्ने, मतदाता नामावलीमा दावी विरोधको सुनुवाइ गर्ने, अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, उम्मेदवारको मनोनयन पत्र जाँच्ने, मनोनयन पत्रमा दावी विरोधको सुनुवाइ गर्ने, मतदान केन्द्र तोक्ने, मतदान गराउने, मत गणना गर्ने र निर्वाचनको परिणाम घोषणा गर्ने जस्ता निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकारको प्रयोग निर्वाचन समितिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन समितिले आफूलाई प्राप्त अधिकार प्रयोग गर्दा निर्वाचन सम्बन्धी फारामहरुको ढाँचा तोक्न, निर्वाचनको लागि आवश्यक निर्देशिका जारी गर्न र निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने व्यक्तिहरुलाई काममा लगाउन सक्नेछ ।

(३) निर्वाचन सम्बन्धी अन्य कार्यविधि निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-११
## विविध

११.१ व्यवसाय छोडेमा वा ठेगाना बदलेमा सूचना गर्नुपर्ने : दर्तावाला कुनै नर्सिङ व्यवसायीले नर्सिङ व्यवसाय छोडेमा वा ठेगाना परिवर्तन गरेमा एक महिनाभित्र रजिष्ट्रारलाई लिखित सूचना गर्नुपर्नेछ ।

११.२ नाम दर्ताको अभिलेख अद्यावधिक राख्नु पर्ने : (१) प्रत्येक दर्तावाला नर्सिङ व्यवसायीको नाम रजिष्ट्रारले दर्ता किताबमा अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्को दर्ता किताबमा अद्यावधिक रुपमा राखिएको नर्सिङ व्यवसायीहरुको नाम प्रत्येक तीन वर्षमा परिषद्ले सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

११.३ विवरण उपलब्ध गराउनु पर्ने : (१) दर्तावाला प्रत्येक नर्सिङ व्यवसायीले नाम दर्ताको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि परिषद्ले तोकेबमोजिमको ढाँचाको विवरण फाराम भरी परिषद्लाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण फाराम उपलब्ध नगराउने नर्सिङ व्यवसायीको नाम अद्यावधिक सूचीमा समावेश गरिने छैन ।

११.४ अद्यावधिक दस्तूर : परिषद्को दर्ता किताबमा नाम दर्ता भएको नर्सिङ व्यवसायीले नियम १२.२ बमोजिम विवरण फाराम पठाउँदा अनुसूची–३ मा तोकेबमोजिमको अध्यावधिक दस्तूर समेत संलग्न गरी पठाउनु पर्नेछ ।

११.५ अर्को विषय वा तहको नर्सिङ व्यवसायीमा नाम दर्ता: ऐन तथा यस नियमावलीबमोजिम कुनै एक विषय वा प्रकारको दर्तावाला नर्सिङ व्यवसायीको रुपमा नाम दर्ता भएको कुनै व्यक्तिले अर्को विषय वा प्रकारको नर्सिङ व्यवसायीको रुपमा नाम दर्ता गराउन चाहेमा परिच्छेद–२ र ३ मा उल्लिखित कार्यविधि पूरा गरी परिषद्ले त्यस्तो व्यक्तिको नाम दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

११.६ नियमावलीको ब्याख्या: यो नियमावलीको ब्याख्या गर्ने अधिकार परिषद्मा निहित हुनेछ ।

११.७ बाधा अडकाउ फुकाउने अधिकार: ऐन वा यस नियमावलीले निर्दिष्ट नगरेको विषयमा वा यसो गर्ने भनी स्पष्ट नभएको विषयमा अप्रत्याशित रुपमा कुनै कठिनाइ आई परेमा ऐन र यस नियमावलीमा उल्लिखित व्यवस्थाको विपरीत नहुने गरी परिषद्ले उचित व्यवस्था गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

११.८ अधिकार प्रत्यायोजन: ऐन तथा यस नियमावलीबमोजिम अध्यक्ष र रजिष्ट्रारलाई प्राप्त अधिकारमध्ये केही अधिकार निजहरुले क्रमशः रजिष्ट्रार र परिषद्को अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

११.९ परिषद्मा रहेका कागजातको प्रतिलिपि (नक्कल) लिने सम्बन्धी व्यवस्था : (१) सरोकारवालाले स्पष्ट कारण खोली परिषद्ले तोकेको दस्तूर तिरी परिषद्मा रहेको सम्बन्धित कागजातको नक्कल लिन पाउनेछ ।

(२) परिषद्का सदस्य तथा कर्मचारी बाहेक अन्य व्यक्तिले परिषद्मा रहेका आफूलाई सरोकार नपर्ने कागजात तथा अभिलेख हेर्न, फोटोकपि गर्न वा सार्न पाउने छैन ।

(३) अदालत, संवैधानिक अंग तथा नेपाल सरकारले माग गरेको अवस्थामा बाहेक परिषद्मा रहेका सक्कल कागजात अरुलाई दिइने छैन ।

११.१० नीति, निर्देशिका, कार्यविधि, शर्त, दस्तूर, मापदण्ड तथा पूर्वाधार निर्धारण गर्न सक्ने: (१) ऐन र यस नियमावलीको उद्देश्य प्राप्तिका लागि परिषद्ले देहायका विषयमा आवश्यक निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(क) व्यवस्थित एवं सुचारु रुपले नर्सिङ व्यवसायको संचालन,

(ख) शिक्षण संस्थाको स्थापना र संचालन गर्ने सम्बन्धमा आवश्यक मापदण्ड,

(ग) शिक्षण संस्थाको निर्धारण गर्ने सम्बन्धमा सो संस्थाको पाठ्यक्रम, भर्नाका शर्त, परीक्षा प्रणाली तथा तत्सम्बन्धी अन्य आवश्यक शर्त तथा पूर्वाधार एवं सोको मूल्यांकन तथा पुनरावलोकन गर्ने विधिका सम्बन्धमा,

(घ) नर्सिङ व्यवसाय गर्नको लागि आवश्यक योग्यता र नर्सिङ व्यवसायीको कार्यसीमा निर्धारण गर्ने आधारको सम्बन्धमा,

(२) उपनियम (१) बमोजिम जारी गरिएको नीति, निर्देशिका, कार्यविधि, शर्त तथा मापदण्डको पालना गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

११.११ अनुसूचीमा संशोधन गर्ने अधिकार : परिषद्ले यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

११.१२ खारेजी र बचाउ : (१) नेपाल नर्सिङ परिषद् नियमावली, २०५३ खारेज गरिएको छ ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि नेपाल नर्सिङ परिषद् नियमावली, २०५३ बमोजिम भए गरिएका कामकारबाही यसै नियमावलीबमोजिम भएगरिएको मानिनेछ ।

नेपाल नर्सिङ परिषद्

अनुसूची-१

(नियम २.१ को उपनियम (१) सँग सम्बन्धित)

**नाम दर्ताको लागि दिने दरखास्त फाराम**

हालसालै खिचिएको दरखास्तवालाको दुवै कान देखिने पासपोर्ट साइजको श्याम श्वेत फोटो

श्री नेपाल नर्सिङ परिषद्,
काठमाडौं ।

नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा नर्स /मिडवाइफ/ अ.न.मी. को रुपमा स्थायी/ विशेषज्ञ/ सीमित नाम दर्ता गराउन नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा १६ र नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ को नियम २.१ बमोजिम देहायको विवरण खोली यो दरखास्त पेश गरेको छु ।

१. पूरा नाम र थर : .... .... .... .... .... .... .... ... .... .... .... ....
NAME: .... ..... ..... ..... ..... ..... ..... .... ..... .... .... ... ..................
(IN BLOCK LETTER)

२. जन्म मिति : वि. सं. / / इ. सं. / /

३. पिताको नामः .... .... .... .... .... .... ... .... .... ... ... .... .....

४. विवाहित भए पति वा पत्नीको नामः .... .......... ........... .........

५. नागरिकताः..........................................................................

६. स्थायी ठेगाना : अञ्चल .................जिल्ला ......... ..... ..... .... .
गाउँ विकास समिति /नगरपालिका ............ .......
वडा नं....... टोल .......................गाउँ ............
टेलिफोन नं........... ..... फ्याक्स नं................
ईमेल ..........................

७. अस्थायी ठेगाना : अञ्चल .................जिल्ला ......... ..... ... .........
गाउँ विकास समिति /नगरपालिका ............ ........
वडा नं. ...... टोल ..........गाउँ ............... .......
टेलिफोन नं........... ..... फ्याक्स नं.................
ईमेल ..........................

८. पत्र व्यवहार गर्ने ठेगानाः ... ...... ....... ............... ........... ........ ..........

९. हाल कुनै संस्थामा कार्यरत भए सो संस्थाको नामः .......... ...... .... .... ..... .
ठेगानाः ...................... ........ ........... .. .......
पोष्ट बक्स नं. : ............................................
टेलिफोन नं.....................................................
फ्याक्स नं.....................................................
ईमेलः..........................................................

१०. काम गर्ने प्रस्तावित संस्थाको नाम (गैरनेपाली नागरिक नर्सिङ व्यवसायीको हकमा मात्र):–

ठेगानाः ...................... ........ ........... .. .......

पोष्ट बक्स नं. ...............................................
टेलिफोनः नं...................................................
फ्याक्स नं. ..................................................
ईमेलः.. .......................................................

११. काम गर्ने प्रस्तावित अवधि (गैरनेपाली नागरिक नर्सिङ व्यवसायीको हकमा मात्र):– मिति देखि सम्म ।

१२. यसभन्दा अघि कुनै व्यावसायिक परिषद् वा सो सरहको संस्थामा नाम दर्ता भएको भए,–

व्यवसायीको प्रकार.............................

प्रमाणपत्र नं. र मिति........................

त्यस्तो परिषद् वा संस्थाको नामः .....................

ठेगानाः ...................... ........ ........... .. .....
पोष्ट बक्स न.: ...........................................
टेलिफोनः नं................................................
फ्याक्सः नं..................................................
ईमेल.. .....................................................

१३. यसभन्दा अघि यस परिषद्मा अ.न.मी.को रुपमा नाम दर्ता भएको भए,–
प्रमाणपत्र नं. र मिति.......................

१४. शैक्षिक योग्यता सम्बन्धी विवरण

(क) सामान्य

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(ख) <u>व्यावसायिक</u>

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

१५. <u>तालीम सम्बन्धी विवरण</u>

| क्र.सं. | उपाधिको नाम | तालीम दिने संस्थाको नाम | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

उपरोक्तबमोजिम लेखिएको विवरण ठीक साँचो छ, झुटो ठहरेमा कानूनबमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको, -
दस्तखतः ..................................
पूरा नाम, थरः ..........................
मितिः ......................................

**<u>द्रष्टव्यः</u>** दरखास्तवालाले दरखास्तसाथ हालसालै खिचिएको मुखाकृति र दुवै कान स्पष्ट देखिने पासपोर्ट साइजको श्याम/श्वेत फोटो तीन प्रति र नागरिकताको प्रमाणपत्र, दरखास्त फाराममा लेखिएबमोजिमको शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्रको सक्कल एवं नेपाल सरकारको सेवामा कार्यरत अधिकृत स्तरको कर्मचारीद्वारा प्रमाणित सोको दुई प्रति नक्कल समेत संलग्न गर्नु पर्नेछ ।

अनुसूची-२

(नियम २.१ को उपनियम (३) सँग सम्बन्धित)

**प्रतिज्ञापत्र**

म, ......................... ............ ............ . ......... ले नेपाल नर्सिङ परिषद् ऐन, २०५२, नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ तथा प्रचलित अन्य कानूनको अधिनमा रही नर्सिङ व्यवसायीको हैसियतले आफूले पालन गर्नुपर्ने सबै काम, कर्तव्य र व्यावसायिक आचार संहिता ईमान्दारीसाथ पालना गर्ने प्रतिज्ञा गर्दै यो प्रतिज्ञापत्र प्रस्तुत गरेको छु । मैले नेपाल नर्सिङ परिषद् ऐन, नियमावली, तथा अन्य प्रचलित कानूनले निर्दिष्ट गरेको नर्सिङ व्यवसायीको काम, कर्तव्य र व्यावसायिक आचार संहिता पालना नगरेमा कानूनबमोजिम कारबाही भएमा मेरो मन्जुरी छ ।

दस्तखत : ...............................................

नाम : ...............................................

स्थायी ठेगाना : अञ्चल ..................जिल्ला ......... ..... ..... .... .
गाउँ विकास समिति /नगरपालिका ............. .......
वडा नं....... टोल .......................गाउँ ............
टेलिफोन नं........... ..... फ्याक्स नं................
ईमेल ..........................

पत्र व्यवहार गर्ने ठेगाना: अञ्चल ..................जिल्ला ......... ..... ..... .... .
गाउँ विकास समिति /नगरपालिका ............. .......
वडा नं....... टोल .......................गाउँ ............
टेलिफोन नं........... ..... फ्याक्स नं................
ईमेल ..........................

मितिः

अनुसूची- ३

(नियम ३.२ को उपनियम (२), नियम ३.३ को उपनियम (२), नियम ३.४ को उपनियम (४) र नियम १२.४ सँग सम्बन्धित)

**नाम दर्ता, दर्ता नवीकरण, विलम्ब र अध्यावधिकरण दस्तुर**

**(क) स्थायी नाम दर्ता दस्तुर :**

| | | |
|---|---|---|
| १. | नर्सको लागि | - रु. १०००/- |
| २. | मिडवाइफको लागि | - रु. १०००/- |
| ३. | अ. न.मी. को लागि | - रु. ५००/- |

**(ख) विशेषज्ञ नाम दर्ता दस्तुर :**

| | | |
|---|---|---|
| १. | नर्सको लागि | – रु.२०००/– |
| २. | मिडवाइफको लागि | – रु.२०००/– |

**(ग) सीमित नाम दर्ता दस्तुर**

| | | |
|---|---|---|
| १. | नर्सको लागि | –रु. २५००/- |
| २. | मिडवाइफको लागि | - रु. २५००/- |
| ३. | अ. न.मी. को लागि | - रु. २५००/- |

**(घ) स्थायी नाम दर्ता नवीकरण दस्तुर**

| | | |
|---|---|---|
| १. | नर्सको लागि | - रु. १०००/- |
| २. | मिडवाइफको लागि | - रु. १०००/- |
| ३. | अ. न.मी. को लागि | - रु. ५००/- |

**(ङ) विशेषज्ञ नाम दर्ता नवीकरण दस्तुर**

| | | |
|---|---|---|
| १. | नर्सको लागि | - रु. २०००/- |
| २. | मिडवाइफको लागि | - रु. २०००/- |

**(च) सीमित नाम दर्ता नवीकरण दस्तुर**

| | | |
|---|---|---|
| १. | नर्सको लागि | - रु. २५००/- |
| २. | मिडवाइफको लागि | - रु. २५००/- |
| ३. | अ. न.मी. को लागि | - रु. २५००/- |

**(छ) विलम्ब दस्तुर**

| | | |
|---|---|---|
| १. | स्थायी नाम दर्ता नवीकरण | – रु. २००/– |
| २. | विशेषज्ञ नाम दर्ता नवीकरण | –रु. २००/– |

**(ज) नाम दर्ता अध्यावधिकरण दस्तुर**

| | | |
|---|---|---|
| १. | नर्स तथा मिडवाइफको लागि | - रु. ५००/- |
| २. | अ. न. मी. को लागि | - रु. ३००/- |

अनुसूची-४

(नियम ३.६ को उपनियम (१) सँग सम्बन्धित)

**दर्ता किताब**

| |
|---|
| दर्तावाला नर्सिङ व्यवसायीको फोटो |

दर्ता नं. :

नाम :

जन्म मिति : वि. सं. / / इ. सं / /

स्थायी ठेगाना : अञ्चल ..................जिल्ला ......... ..... ..... .... .

गाउँ विकास समिति /नगरपालिका ............ .......

वडा नं. ...... टोल ..........गाउँ ............... .......

टेलिफोन नं ......... ..... फ्याक्स नं ..............

ईमेल ..........................

अस्थायी ठेगाना : अञ्चल ..................जिल्ला ......... ..... ... .........

गाउँ विकास समिति /नगरपालिका ............ ........

वाडा नं. ...... टोल ..........गाउँ ............... ........

टेलिफोन नं ......... ..... फ्याक्स नं .................

ईमेल...........................

बाबुको नामः

कार्यरत संस्था र ठेगाना :

शैक्षिक योग्यता र तालिम सम्बन्धी विवरण

सामान्य शैक्षिक योग्यता

| क.सं. | प्राप्त गरेको शैक्षिक योग्यता | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

नेपाल नर्सिङ परिषद्

व्यावसायिक शैक्षिक योग्यता

| क.सं. | प्राप्त गरेको शैक्षिक योग्यता | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

तालिम

| क.सं. | तालिमको नाम | तालिम दिने संस्थाको नाम | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

प्रमाणपत्र बाहकको
दस्तखतः

परिषद्को निर्णय मिति :
विवरण भर्नेको दस्तखत :

दर्ता मिति :
रजिष्ट्रारको दस्तखत :

**विवरण थप तथा परिवर्तन आदि (नाम दर्ता अध्यावधिक गर्दा भर्ने)**

| मिति | विवरण | विवरण भर्नेको दस्तखत | रजिष्ट्रारको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -५

(नियम ३.७ सँग सम्बन्धित)

**नेपाल नर्सिङ परिषद्**

नाम दर्ता प्रमाणपत्र
पाउनेको
फोटो

**स्थायी नाम दर्ता प्रमाणपत्र**

....... ....... .... ... ...अंचल .... ....... ....... ...... जिल्ला ..... ..... ...... .... नगरपालिका / गा.वि.स वडा नं..........बस्ने श्री .... ........ ............ ...... ...... ........ .. ..ले नेपाल नर्सिङ परिषद् ऐन, २०५२ तथा नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ बमोजिम नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा नर्सिङ व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि निर्धारित योग्यता पूरा गरेकोले नेपाल नर्सिङ परिषद्को मिति ........................ को निर्णयअनुसार नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा निजको नाम नर्स/ मिडवाइफ/ अ. न. मी. मा नाम दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

परिषद्को अभिलेखअनुसार निजको जन्म मिति / / हो ।

दर्ता नम्बर :

नाम दर्ता मिति :

परिषद्को छाप :

दस्तखत ............................

मिति ..............................

रजिष्ट्रार

**द्रष्टब्य** : यो प्रमाणपत्र नाम दर्ता भएको मितिले छ वर्षसम्मको लागि मात्र मान्य हुनेछ र नाम दर्ता नवीकरण गर्नुपरेमा यो प्रमाणपत्रको म्याद समाप्त भएको मितिले पैंतीस दिनभित्र नेपाल नर्सिङ परिषद्मा दरखास्त दिनुपर्नेछ ।

**(स्थायी नाम दर्ता प्रमाणपत्रको पछाडिको पृष्ठमा लेखिने व्यहोरा)**

**स्थायी नाम दर्ता नवीकरणको विवरण**

| नाम दर्ता नवीकरणको अवधि | | नाम दर्ता नवीकरण गर्ने निर्णय मिति | नवीकरण मान्य रहने अवधि (अङ्क र अक्षरमा) | रजिष्ट्रारको दस्तखत र मिति | परिषद्को छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| मिति देखि | मिति सम्म | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नेपाल नर्सिङ परिषद्

अनुसूची -६

(नियम ३.७ सँग सम्बन्धित)

**नेपाल नर्सिङ परिषद्**

| |
|---|
| नाम दर्ता प्रमाणपत्र पाउनेको फोटो |

**विशेषज्ञ नाम दर्ता प्रमाणपत्र**

....... ....... .... ... ...अंचल .... ....... ....... ...... जिल्ला ..... ..... ...... .... नगरपालिका / गा.वि.स वडा नं.........बस्ने श्री .... ........ ............ ...... ...... ........ .. ..ले नेपाल नर्सिङ परिषद् ऐन, २०५२ तथा नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ बमोजिम नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा विशेषज्ञ नर्सिङ व्यवसायीको रुपमा नाम दर्ताको लागि निर्धारित योग्यता पूरा गरेकोले नेपाल नर्सिङ परिषद्को मिति ........................ को निर्णय अनुसार नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा निजको नाम विशेषज्ञ नर्स/ मिडवाइफमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

परिषद्को अभिलेखअनुसार निजको जन्म मिति / / हो ।

दर्ता नम्बर :

नाम दर्ता मिति :

परिषद्को छाप :

दस्तखत ...........................

मिति ..............................

रजिष्ट्रार

**द्रष्टव्य** : यो प्रमाणपत्र नाम दर्ता भएका मितिले ६ वर्षसम्मको लागि मात्र मान्य हुनेछ र नाम दर्ता नवीकरण गर्नुपरेमा यो प्रमाणपत्रको म्याद समाप्त भएको मितिले पैंतीस दिनभित्र नेपाल नर्सिङ परिषद्मा दरखास्त दिनुपर्नेछ ।

**(विशेषज्ञ नाम दर्ता प्रमाणपत्रको पछाडिको पृष्ठमा लेखिने व्यहोरा)**

**नाम दर्ता नवीकरणको विवरण**

| नाम दर्ता नवीकरणको अवधि | | नाम दर्ता नवीकरण गर्ने निर्णय मिति | नवीकरण मान्य रहने अवधि (अङ्क र अक्षरमा) | रजिष्ट्रारको दस्तखत र मिति | परिषद्को छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| मिति देखि | मिति सम्म | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नेपाल नर्सिङ परिषद्

अनुसूची-७

(नियम ३.७ सँग सम्बन्धित)

**नेपाल नर्सिङ परिषद्**

| |
|---|
| नाम दर्ता प्रमाणपत्र पाउनेको फोटो |

**सीमित नाम दर्ता प्रमाणपत्र**

....... देश ....... .... ... ...अंचल .... ....... ....... ...... जिल्ला ..... ..... ...... .... नगरपालिका / गा.वि.स वडा नं.........बस्ने श्री .... ........ ............ ...... ...... ........ .. ..ले नेपाल नर्सिङ परिषद् ऐन, २०५२ तथा नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ बमोजिम नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा गैरनेपाली नागरिक नर्सिङ व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि निर्धारित योग्यता पूरा गरेकोले नेपाल नर्सिङ परिषद्को मिति ........................ को निर्णयअनुसार नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा निजको नाम गैरनेपाली नर्स/ मिडवाइफ/ अ. न. मी. मा नाम दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

परिषद्को अभिलेखअनुसार निजको जन्म मिति / / हो ।

दर्ता नम्बर :

नाम दर्ता मिति :

प्रमाणपत्रको अवधि समाप्त हुने मिति :

परिषद्को छाप :

दस्तखत ...........................

मिति :

रजिष्ट्रार

**द्रष्टब्य** : नाम दर्ता नवीकरण गर्नुपरेमा यो प्रमाणपत्रको म्याद समाप्त हुनुभन्दा पैंतीस दिन अगावै नेपाल नर्सिङ परिषद्मा दरखास्त दिनुपर्नेछ ।

(सीमित नाम दर्ता प्रमाणपत्रको पछाडिको पृष्ठमा लेखिने बेहोरा)

सीमित नाम दर्ता नवीकरणको विवरण

| नाम दर्ता नवीकरणको अवधि | | नाम दर्ता नवीकरण गर्ने निर्णय मिति | नवीकरण मान्य रहने अवधि (अङ्क र अक्षरमा) | रजिष्ट्रारको दस्तखत र मिति | परिषद्को छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| मिति देखि | मिति सम्म | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची–८

( नियम ३.८ सँग सम्बन्धित)

**विषयः नाम दर्ता नभएको जानकारी**

श्री ......................................

................................

तपाईंले नेपाल नर्सिङ परिषद्को दर्ता किताबमा स्थायी/ विशेषज्ञ/ सीमित नाम दर्ता गराउनको लागि मिति ........................... मा यस परिषद्मा दिनु भएको दरखास्त उपर कारवाही हुँदा देहायबमोजिमको कारणले तपाईंको नाम परिषद्को दर्ता किताबमा दर्ता नगर्ने निर्णय परिषद्बाट मिति .................................... मा भएको बेहोरा जानकारी गराउँछु ।

**नाम दर्ता नगर्नु पर्ने कारण**

(क)

(ख)

(ग)

दस्तखत..................................

मिति ..................................

रजिष्ट्रार

नेपाल नर्सिङ परिषद्

अनुसूची–९

(नियम ३.९ को उपनियम (१) सँग सम्बन्धित)

स्थायी/विशेषज्ञ नाम दर्ता नवीकरण दरखास्त

श्री रजिष्ट्रारज्यू,
नेपाल नर्सिङ परिषद्
रामशाह पथ, काठमाडौं ।

त्यस परिषद्को मिति / / को निर्णयबमोजिम स्थायी/ विशेषज्ञ नाम दर्तावाला नर्सिङ व्यवसायीको रुपमा द. नं......... बाट मेरो नाम दर्ता भएकोमा मिति / / देखि नाम दर्ता प्रमाण-पत्रको मान्यता अवधि समाप्त भएकोले नेपाल नर्सिङ परिषद् ऐन,२०५२ को दफा १८क को उपदफा(१) ले तोकेको ३५ दिनको शुरु म्यादभित्रै/.........................................कारणले गर्दा दरखास्त दिन नसकी उक्त म्याद समाप्त भएकोले ऐ ऐ को उपदफा (२) बमोजिम ६० दिनको म्यादभित्रै नाम दर्ता प्रमाण-पत्र नवीकरणका लागि आवश्यक कागजात तथा दस्तूरसाथ यो दरखास्त दिएको छु

दरखास्तवालाको

दस्तखत.........
नामः–
ठेगानाः–
मितिः–

अनुसूची–१०

(नियम ३.९ को उपनियम (२) सँग सम्बन्धित)

<u>सीमित नाम दर्ता नवीकरण दरखास्त</u>

श्री रजिष्ट्राररज्यू,
नेपाल नर्सिङ परिषद्
रामशाह पथ, काठमाडौं ।

त्यस परिषद्को मिति / / को निर्णयबमोजिम सीमित नाम दर्तावाला नर्सिङ व्यवसायीको रुपमा द. नं......... बाट मेरो नाम दर्ता भएकोमा मिति / / देखि नाम दर्ता प्रमाण-पत्रको मान्यता अवधि समाप्त हुने भएकोले नाम दर्ता प्रमाण-पत्र नवीकरणका लागि नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ को नियम ३.९ को उपनियम (२) बमोजिमको म्यादभित्रै आवश्यक कागजात तथा दस्तूरसाथ यो दरखास्त दिएको छु ।

<u>दरखास्तवालाको</u>

दस्तखत.........
नामः–
ठेगानाः–
मितिः–

नेपाल नर्सिङ परिषद्

अनुसूची - ११

(नियम ९.३ सँग सम्बन्धित)

**बैठक भत्ता, अध्यक्षको सुविधा र रजिष्ट्रारको पारिश्रमिक तथा सुविधा**

(क) बैठक भत्ता (प्रतिबैठक)

| | |
|---|---|
| १. परिषद्को अध्यक्ष | – रु १००० /- |
| २. परिषद्को उपाध्यक्ष, | –रु. ७००/– |
| ३. परिषद्को सदस्य, रजिष्ट्रार र पर्यवेक्षक | – रु ६,०० /- |
| ४. विषय समितिको संयोजक | – रु ६,०० /- |
| ५. विषय समितिको सदस्य, सदस्य-सचिव र पर्यवेक्षक | – रु ५,०० /- |

(ख) अध्यक्षको सुविधा : परिषद्ले तोकेबमोजिमको सवारी सुविधाको अतिरिक्त कुनै प्रकारको लाभको पद धारण नगरेको व्यक्ति अध्यक्ष मनोनीत भएमा निजलाई मानार्थ सुविधा बापत देहायबमोजिमको महसूल तथा खर्चको लागि प्रति महिना एकमुष्ट बाह्र हजार रुपैयाँ उपलब्ध गराइनेछ :–

१. आवासमा जडान भएको टेलिफोन, इमेल तथा इन्टरनेट महसूल,

२. पत्रपत्रिका र जर्नल खर्च,

३. अतिथी सत्कार खर्च,

४. भइपरी आउने खर्च ।

(ग) रजिष्ट्रारको पारिश्रमिक (प्रति महिना) र सुविधा

१. नेपाल सरकारको सेवामा बहाल रहेको कर्मचारी रजिष्ट्रार तोकिएमा – रु. ५,००० /-,

२. नेपाल सरकारको सेवामा बहाल नरहेको व्यक्ति रजिष्ट्रारमा नियुक्त भएमा – नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको कम्तीमा अधिकृत नवौं तहको कर्मचारीले पाउने तलब र भत्ता पाउने भए भत्ता समेत बराबरको रकम,

३. परिषद्ले तोकेबमोजिमको सवारी सुविधा ।

अनुसूची–१२
(नियम ५.१० सँग सम्बन्धित)

## दर्ता किताबबाट नाम हटाउने/ नाम दर्ता प्रमाणपत्र रद्द गर्ने निर्णय आदेशको नमूना

नेपाल नर्सिङ परिषद्ले गरेको ..................को नाम दर्ता किताबबाट हटाउने/ नाम दर्ता प्रमाणपत्रको दर्ता रद्द गर्ने निर्णय आदेश

यस परिषद्मा नाम दर्ता नं. बाट नर्स/अ.न. मी./मिडवाइफमा नाम दर्ता भएका/ भएकी श्री ..........ले नेपाल नर्सिङ परिषद् नियमावली, २०६५ को नियम ५.१ को खण्ड .........बमोजिम निर्धारित आचार संहिता सोही नियमावलीको नियम ५.२ बमोजिम उल्लङ्घन गरेको / नेपाल नर्सिङ परिषद् ऐन, २०५२ को दफा १९ बमोजिम धोका वा गल्तीले नर्सिङ व्यवसायीको रुपमा नाम दर्ता हुन गएको आरोपमा जाँचबुझ गर्न परिषद्को मिति .....को निर्णयअनुसार नियम ६.२ बमोजिम श्री .......को संयोजकत्वमा श्री.... र श्री.........समेत सदस्य रहने गरी गठन भएको जाँचबुझ समितिले जाँचबुझ गर्दा निजले व्यावसायिक आचार संहिताको उल्लङ्घन गरेको/ऐनको दफा १९ बमोजिम धोका/ गल्तीले नाम दर्ता हुन गएको देखिन आएकोले नियम ६.५ को उपनियम (१) बमोजिम .........दिनको म्याद दिई सफाइ माग गरेकोमा निजले कुनै सफाइ पेश नगरेको/ निजले .....बेहोरा उल्लेख गरी पेश गरेको सफाइ र सबुत प्रमाण संतोषजनक देखिन नआएकोले नियम ५.१ र ५.२ बमोजिमको कसूरमा दर्ता किताबबाट नाम किन नहटाउने/ ऐनको दफा १९ बमोजिम धोका/ गल्तीले नाम दर्ता हुन गएको कसूरमा किन नाम दर्ता प्रमाणपत्रको दर्ता रद्द नगर्ने ? दर्ता किताबबाट नाम हटाउनु नपर्ने ? नाम दर्ता प्रमाणपत्रको दर्ता रद्द गर्नु नपर्ने कुनै सबुत प्रमाण वा कारण भए ......दिनभित्र स्पष्टीकरण पेश गर्नु भनी नियम ६.७ बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले कुनै स्पष्टीकरण नै पेश नगरेको/ निजले.... बेहोराको स्पष्टीकरण पेश गरेकोमा संकलन भएका कागजात, बुझिएका सबुत प्रमाण र पेश गरेको सफाइ, स्पष्टीकरण (पेश भएको अवस्थामा मात्र ) उपर समेत विचार गर्दा निज श्री ......ले नियम ५.१ बमोजिमको व्यावसायिक आचार संहिता नियम ५.२ बमोजिम उल्लङ्घन गरेको/ ऐनको दफा १९ बमोजिम धोका/गल्तीले नाम दर्ता हुन गएको देखिन आएकोले निज उपर ऐनको दफा १८ को उपदफा (१) को खण्ड (घ) तथा नियम ६.८ बमोजिम जाँचबुझ समितिको ठहर सिफारिस प्रतिवेदन परिषद्मा पेश हुँदा सो सम्बन्धमा उपलब्ध सम्पूर्ण कागजात तथा सबुत प्रमाणको समुचित मूल्याङ्कन गर्दा ..............कारणबाट निज .........ले नियम ५.१ बमोजिम निर्धारित व्यावसायिक आचार संहिता नियम ५.२ बमोजिम उल्लङ्घन गरेको देखिन आएकोले/ ऐनको दफा १९ बमोजिम धोका/ गल्तीले नाम दर्ता हुन गएको प्रमाणित हुन आएकोले ऐनको दफा १८ को उपदफा (१) को खण्ड (घ) तथा नियम ६.९ बमोजिम परिषद्को नाम दर्ता किताबबाट निजको नाम हटाउन/ऐनको दफा १९ बमोजिम निजको नाम दर्ता प्रमाणपत्रको दर्ता रद्द गर्न परिषद्मा पेश भएको प्रस्ताब उपस्थित सदस्यहरुको ........प्रतिशतले पारित भएको हुँदा निज ............को नाम परिषद्को दर्ता किताबबाट हटाउने/नाम दर्ता प्रमाणपत्रको दर्ता रद्द गर्ने निर्णय आदेश गरिएको छ। यस निर्णय आदेशमा चित्त नबुझे ऐनको दफा २९क ले तोकेको म्यादभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न सकिने बेहोरा जानकारी गराउने समेत निर्णय भयो ।